एटलेटिको म्याड्रिडलाई स्पेनिस ला लिगाको उपाधि

एजेन्सी

म्याड्रिड, ९ जेठ

यसै सिजन बार्सिलोनाबाट आउनु भएका लुइस सुआरेजको निर्णायक गोलमा एटलेटिको म्याड्रिडले स्पेनिस ला लिगाको उपाधि जितेको छ । लिगको अन्तिम खेलमा शनिबार राति जित हात पार्दै दुई अंकको अग्रताको साथ एटलेटिको म्याड्रिडले उपाधिमाथि कब्जा गरेको हो ।

रियल भालाडोलिडविरुद्ध लिगको अन्तिम खेलमा २-१ को जित निकाल्दै च्याम्पियन बनेको हो । एटलेटिकोको जितमा एन्जल कोर्रिया र लुइस सुआरेजले १-१ गोल गर्नुभयो । खेल बराबरीमा रहेको अवस्थामा सुआरेजले निर्णायक गोल गर्नुभएको थियो । यस सिजनमा सुआरेजले २१ गोल समेत गर्नुभयो ।

खेलपछि आँखाबाट खुशीको आँशु झारेका सुआरेजले भन्नुभयो, 'ममाथि एट्लेटिकोले गरेको विश्वासप्रति म एकदमै आभारी छु । म स्टेजमा के गर्नसक्छु भन्ने देखाउने मौका क्लबले मलाई दियो । यो यात्रामा मसँगै मेरा परिवार, श्रीमती, बच्चाहरुले संघर्ष गरेका छन । मैले धेरै वर्ष फुटबल खेले । तर, वर्ष मेरो परिवार र मैले धेरै संघर्ष गर्नुपर्‍यो ।' एट्लेटिकोले पछिल्ला सात

वर्षमा पहिलोपल्ट ला लिगाको उपाधि जितेको हो । समग्रमा भने उसको यो ११औं उपाधि हो । साविक विजेता रियल म्याड्रिडलाई दुई अंकले पछि पार्दै एट्लेटिकोले उपाधि उचालेका हो । अन्तिम खेलमा रियल म्याड्रिडले भने घरेलु मैदानमा भिल्लारियलविरुद्ध २-१ को जित दर्ता गरेपनि उपाधि उचाल्न उसलाई पर्याप्त अंक पुगेन ।

यस नतिजाले एटलेटिको ३८ खेलमा ८६ अंक जोड्न सफल रह्यो । रियल भने ३८ खेलमा ८४ अंक जोड्दै उपविजेतामा सिमित रहयो । बार्सिलोनाले पनि अन्तिम खेल जित हासिल गर्दै तेस्रो स्थानमा ७९ अंक जोड्दै सिजन अन्त्य गर्‍यो । एटलेटिको भालाडोलिडविरुद्ध पहिलो हाफमा १-० ले पछि परेको थियो । भालाडोलिडका ओस्कार प्लानोले १८औं मिनेटमा अग्रता दिलाउनुभएको थियो । उहाँले काउन्टर अट्याकमा मार्कोस डे सौसाले दिएको पासलाई मैदानको मध्यभागबाट अघि बढाउँदै पेनाल्टी क्षेत्रभित्रबाट गोल गर्नुभएको थियो ।

दोस्रो हाफको सुरुवातमै एटलेटिकोका लागि एन्जल कोर्रियाले बराबरी गोल फर्काउनुभयो । उहाँले खेलको ५७औं मिनेटमा यानिक करास्कोको पासलाई पेनाल्टी क्षेत्रको बाहिरबाट गोल गर्नुभएको थियो । ६६औं मिनेटमा सुआरेजले एट्लेटिकोका लागि निर्णायक गोल गर्नुभयो । भालाडोलिडका खेलाडीले दिएको व्याकपास नियन्त्रणबाहिर रहेपछि मैदानको मध्यभागबाट एक्लै बल अघि बढाएर सुआरेजले पेनाल्टी क्षेत्रभित्र वन भर्सेस वन स्थितिमा गोल गर्नुभएको थियो ।

यता, रियल म्याड्रिडले भने भिल्लारियलविरुद्ध जित निकाले पनि एटलेटिकोले जित निकाल्दा उपाधि रक्षा गर्न सकेन । भिल्ला रियलका लागि येरेमी पिनोले २०औं मिनेटमा गोल गर्दै खेलमा अग्रता दिलाउनुभएको थियो । दोस्रो हाफको सुरुवातमै करीम बेन्जेमाले गोल गरेपनि भिडियो असिष्टेन्ट रेफ्रीले उक्त गोललाई अफसाइड दिनुभयो ।

खेलको तीन मिनेट समय बाँकी रहँदा बेन्जेमाले बराबरी गोल फर्काउनुभयो । उहाँले रोड्रीगोको पासलाई पेनाल्टी क्षेत्रको ठीकभित्र नियन्त्रणमा लिँदै गोल गर्नुभएको थियो । इन्ज्युरी समयमा बेन्जेमाको क्रसमा लुका मोड्रीचले गोल गर्दै टोलीलाई जित दिलाउनुभएको थियो ।

बार्सिलोनाको सुखद् अन्त्य

एजेन्सी

बार्सिलोना, ९ जेठ

बार्सिलोनाले स्पेनिस ला लिगामा बार्सिलोनाले सुखद् अन्त्य गरेको छ । लिगको अन्तिम खेलमा शनिबार राति एइबारमाथि १-० को जित दर्ता गरेको छ ।

बार्सिलोनालाई सुखद् अन्त्य दिलाउन एन्टोइन ग्रिजमनले निर्णायक गोल गर्नुभयो । उहाँले खेलको ८१औं मिनेटमा भली गोल गर्नुभएको थियो । जितसँगै बार्सिलोना लिगको तेस्रो स्थानमा रह्यो । बार्सिलोनाले ७९ अंकका साथ लिगको अन्त्य गरेको हो । च्याम्पियन एट्लेटिको भन्दा बार्सिलोना सात अंकले पछि पर्‍यो । एइबार अंक तालिकाको पुछारमा रह्यो । ३० अंक जोडेर एइबार रेलिगेसनमा पर्‍यो ।

बार्सिलोनाका कप्तान लियोनल ला लिगामा यो सिजन सर्वाधिक गोलकर्ता बन्नुभयो । बार्सिलोनालाई ला लिगाको उपाधि दिलाउन असफल भएपनि कोपा डेल रे जिताएका मेस्सीले ला लिगामा सर्वाधिक ३० गोल गर्नु भएको थियो । उहाँलाई सर्वाधिक गोलकर्तालाई दिइने पिचिची ट्रफी दिइएको थियो । यस सिजनमा उहाँले ३५ खेलमा ३० गोल र नौ गोलमा सहायकको भूमिका खेल्नुभएको थियो ।

ट्रफी जित्ने क्रममा मेस्सीले रियल मड्रिडका फ्रान्सेली फरवार्ड करिम बेन्जेमा र भिल्लारियलका जेरार्ड मोरेनोलाई पछि पार्नुभएको हो । मेस्सी बेन्जेमा र मोरेनोभन्दा सात गोलले अघि रहनुभयो । बेन्जमाले २३ गोल र नौ असिष्ट दिनुभएको थियो । मोरेनोले २३ गोल सात असिष्ट दिनुभएको थियो । मेस्सीले आठौंपटक तथा लगातार पाँचौं सिजन पिचिची ट्रफी जित्नुभएको हो । मेस्सीले यसअघि २००९-१०

मा (३४), २०१२-१२ मा (५०), २०१२-१३ मा (४६), २०१६-१७ मा (३७), २०१७-१८ मा (३४), २०१८-१९ मा (३६), २०१९-२० मा (२५) गोल गर्नुभएको थियो ।

ला लिगाकै अन्तिम दिनको अर्को खेलमा रियल बेटिसले रोमान्चक पुनरागमन गर्दै सेल्टा भिगोलाई ३-२ ले पराजित गर्‍यो । एक समय २-० ले पछि रहेको बेटिसले दोस्रो हाफमा तीन गोल फर्काएको थियो । सेल्टाले इयागो आस्पास र ब्राइस मेण्डेजले गोल गर्नुभयो । तर बोर्जा इग्लेसिस, नाबिल फेकिर र भिक्टर रुइजले गोल गर्दै खेलमा फर्काउनुभयो ।

अन्तिम दिनका अन्य खेलमा हुएस्का र भ्यालेन्सियाले गोलरहित बराबरीमा सकियो । हुएस्का यस बराबरीका बावजुद रेलिगेसनमा परेको छ । एलेक्जेन्डर इसाकको गोलमा रियल सोसिडाडले ओसासुनालाई १-० ले हरायो । एल्चेले एथ्लेटिक बिल्बाओलाई २-० ले पराजित गर्‍यो । एल्चे यस जितसँगै शीर्ष डिभिजनमा रहन सफल रह्यो ।

दुई वर्षमा विश्वकप आयोजनाको प्रस्ताव

एजेन्सी

लण्डन, ९ जेठ

विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) ले हरेक चार वर्षमा हुँदै आएको विश्वकप फुटबललाई प्रत्येक दुई वर्षमा आयोजना गर्ने प्रस्ताव अघि सारेको छ । फिफाको ७१औं कंग्रेसमा यो कुरो उठेको थियो । कंग्रेसमा साउदी अरेबियाले यसबारे प्रस्ताव राखेपछि भएको मतदानमा २०९ मध्ये १६६ राष्ट्रले सम्भाव्यता अध्ययन गर्ने पक्षमा मतदान गरेका थिए । मात्र २२ राष्ट्रले यस प्रस्तावलाई नकारेका थिए ।

कंग्रेसपछि फिफा अध्यक्ष जियानी इन्फान्टिनोले हाल हरेक चार बर्षमा आयोजना हुँदै आएको विश्वकप अब दुई बर्षमा गर्न सकिने सम्भावना विषयमा अध्ययन सुरु गरिने बताउनुभएको हो । अध्यक्ष इन्फान्टिनोले अन्तर्राष्ट्रिय क्यालेन्डरलाई समेत व्यवस्थापन गर्नुपर्ने भएकाले अध्ययन आवश्यक रहेको बताउनुभयो ।

यो प्रस्ताव यसअघि मार्चमा फिफाको फुटबल विकास विभागका प्रमुख आर्सेन विंगरले अघि सार्नुभएको थियो । छोटो अवधिमा गर्दा यसको महत्त्व घट्ने कुरा आएपछि त्यसबेला यो प्रस्तावलाई थाती राखिएको थियो ।

सन्दीप जमैकाबाट रिलिज

काठमाडौं/हिटा । नेपाली युवा लेगस्पिनर सन्दीप लामिछानेलाई क्यारेबियन प्रिमियर लिग (सिपिएल) टिम जमैका तलावाजले रिलिज गरेको छ । अब सन्दीपलाई अरू जुनसुकै क्लबले पनि अनुबन्ध गर्न सक्नेछन् । जमैकाले यस सिजनका लागि सात खेलाडीलाई टिममा 'रिटेन' गरेकोमा सन्दीपको नाम समावेश छैन ।

उसले अलराउण्डर आन्द्रे रसेलसहित कार्लोस ब्रेथवेट, रोभमान पावेल, चाडविक वाल्टन, फिडेन इवार्ड्स, वीरासमी परमउल र रायन पर्साउदलाई सिजनका लागि टिममा राखेको हो । सन्दीपसहित अन्य खेलाडीलाई भने टिमबाट बिदा गरिएको छ ।

गत सिजन सन्दीपसहित ग्लेन फिलिप्स र मुजिब उर रहमान लगायतले जमैकाबाट खेल्नुभएको थियो । सन्दीपलाई जमैकाले ९० हजार अमेरिकी डलरमा अनुबन्ध गरेको थियो । गत सिजन सन्दीपको किफायती बलिङको मद्धतमा जमैका सेमिफाइनलसम्म पुगेको थियो । सन्दीपले गत सिजन ११ खेलमा १२ विकेट लिएका थिए । २०२१ को सिपिएल आगामी २८ अगस्टदेखि १९ सेप्टेम्बरसम्म सेन्ट किट्स एण्ड नेभिसमा हुने तय छ ।

लेवान्डोस्कीको कीर्तिमानी गोल

एजेन्सी

म्युनिख, ९ जेठ

रोबर्ट लेवान्डोस्कीले कीर्तिमानी गोल गर्नुभएको खेल जित्दै बायर्न म्युनिखले यो सिजनको जर्मन बुन्डेसलिगामा सुखद् अन्त्य गरेको छ । यसअघि नै च्याम्पियन बनिसकेको बायर्न म्युनिख शनिबार राति अग्सबर्गलाई ५-२ ले पराजित गर्‍यो ।

एलिएन्ज एरिनामा बायर्नको जितमा सर्ज जिनाब्री, योसुवा किम्मिख, किड्सले कोमान र रोबर्ट लेवान्डोस्कीले गोल गर्दा एक गोल उपहार पाएको थियो । अग्सबर्गका आन्द्रे हान र फ्लोरियन नाइडरलेचनरले गोल फर्काउनुभयो । अग्सबर्गविरुद्ध एक गोल गरेका लेवान्डोस्कीले एकै सिजनमा बायर्नमा सबैभन्दा बढी गोल गर्ने कीर्तिमान राख्नुभएको छ । उहाँले ४७ वर्षअघि अर्थात् सन् १९७१-७२ मा गर्ड मुलरले एकै सिजनमा राखेको ४० गोलको कीर्तिमान भंग गर्नुभएको हो । उहाँले यो सिजन बुन्डेस लिगामा २९ खेलमा ४१ गोल र सात असिष्ट दिनुभयो ।

खेलको नवौं मिनेटमा आत्मघाती गोलबाट म्युनिखले अग्रता लिएको थियो । २३औं मिनेटमा सर्ज जिनाब्रीले गोल गर्दै बायर्नको अग्रता दोब्बर पार्नुभयो । ३३औं मिनेटमा योसुवा किम्मिखले किड्सले र ४३औं मिनेटमा डेभिड अलवाले गोल गर्नुभयो । ६७औं मिनेटमा आन्द्रे हानले लासज्लो विनेसको पासमा गोल गर्दै खेललाई ४-१ को अवस्थामा ल्याउनुभएको थियो । ९०औं मिनेटमा लेवान्डोस्कीले गोल गर्दै बायर्नलाई ५-२ को जित दिलाउनुभयो ।



यो जितपछि बायर्नले ३४ खेलबाट ७८ अंक जोड्यो । बायर्नले दोस्रो स्थानको आरबी लाइप्जिगलाई १२ अंकले पछि पार्‍यो । पराजित अग्सबर्गले ३६ अंक जोडेर १४औं स्थानमा लिगको अन्त्य गरेको छ । अर्को खेलमा एर्लिङ ब्राउट हालान्डको दुई तथा कप्तान मार्को रिउसको एक गेल मद्धतमा बोरुसिया डर्टमुण्डले बायर लिभरकुसनलाई ३-१ ले पराजित गरेको छ । सिग्नल इडुना पार्कमा शनिबार राति भएको खेलमा पाहुना टोलीका लार्स बेन्डरले एक गोल फर्काउनुभयो ।

यो जितसँगै डर्टमुण्डले यो सिजन तेस्रो स्थानमा लिग अन्त्य गर्दै अर्को सिजनको लागि च्याम्पियन्स लिगलाई छनोट भएको छ । पराजित लिभरकुसन ५२ अंक जोडेर छैटौं स्थानमा रहँदै अर्को सिजनका लागि युरोपा लिगमा छनोट भएको छ ।

प्रशिक्षक सान्टोले उल्भ्स छाड्ने

एजेन्सी

लण्डन, ९ जेठ

इंग्लिस प्रिमियर लिग क्लब उल्भ्सका मुख्य प्रशिक्षक नुनो सान्टोले क्लब छाड्ने हुनुभएको छ । पोर्चुगिज प्रशिक्षक नुनोले यस सिजनको अन्त्यसँगै क्लब छाड्ने जनाउनुभएको हो । पूर्वगोलकिपरसमेत रहनुभएका उहाँ सन् २०१७ मा उल्भ्सको मुख्य प्रशिक्षक नियुक्त हुनुभएको थियो ।

४७ वर्षीय नुनोकै नेतृत्वमा उल्भ्स प्रिमियर लिगमा बढुवा भएको थियो । नुनोले गत सेप्टेम्बरमा २०२३ सम्म क्लबमा रहनेगरी सम्झौता नवीकरण गर्नुभएको थियो । तर, सम्झौता नसकिँदै उनले क्लब छाड्न लाग्नुभएको हो । यस्तै लिड्स युनाइटेडका पाब्लो हर्नान्डेज र गाएटोनो बेराडीले पनि क्लब छाड्ने हुनुभएको छ । लिड्सले शुक्रबार मिडफिल्डर हर्नान्डेज र डिफेन्डर बेराडीले सिजनको अन्त्यसँगै क्लब छाड्ने जनाएको हो । हर्नान्डेज र बेराडीले लिड्सलाई प्रिमियर लिगमा बढुवा गर्न महत्त्वपूर्ण योगदान दिनुभएको थियो । स्विस डिफेन्डर बेराडी सन् २०१४ बाट लिड्समा हुनुहुन्थ्यो । ३६ वर्षीय स्पेनिस मिडफिल्डर हर्नान्डेजले यस सिजन १६ खेल खेल्नुभएको थियो ।

Rapti Municipality
Office of Municipal Executive
Bhandara, Chitwan
Bagmati Province, Nepal

NOTICE FOR INTENT TO AWARD

Date of Publication: 10thJestha, 2078 (23rdMay, 2021)

Pursuant to Clause 27(2) and Clause 47(3) of Public Procurement Act 2063, this is to notify all the bidders that the substantially responsive lowest evaluated bidder have been selected to award the contract as per the Invitation for Bids. Our intention to award the Contract to the same.

S. N.	Contract ID	Name of Project	Selected Bidder	Approved Bid Amount (With VAT and PS)
1	019/Works /NCB/RM/0 77/078	Construction of Health-Care Centre Rapti-01	M/S Perisha`Construction and Supplier Pvt Ltd	NRs.33,38,815.47

Chief Administrative Officer

सिंजा गाँउपालिका
गाँउ कार्यापालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७८/०२/१०

यस कार्यालयबाट मिति २०७७/०१/०२ मा प्रकाशित सूचना अनुसार तपशिलको योजना निर्माणका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

सि. नं.	ठेक्का नं.	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कवोल अंक (मु.अ.कर सहित)	कैफियत
1	SRM/NCB/WORKS/ 02/2077/078	Jiparka RCC Bridge construction work	Paradiso Construction Pvt.Ltd. Jaira, Humla	9479203.88 NPR	

प्रमुख प्रशासकीय अधिकृत

धुलिखेल क्याम्पस
बिद्युतीय हाजिरी उपकरण सहित अन्य सप्लाई सम्बन्धी सिलबन्दी दरभाउ आव्हानको सूचना

प्रकाशित मितिः २०७८।०२।१०

१. यस क्याम्पसलाई आवश्यक पर्ने विद्युतीय उपकरण सप्लाई गर्न ईच्छुक ईजाजत प्राप्त आधिकारीक बिक्रेताले देहाय बमोजिम शर्तहरूको अधिनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय सम्म दरभाउपत्र फारम रू. १०००।– (पछि फर्ता नहुने गरी) तिरी ईजाजत प्रतिलिपी सहितको निवेदन पेश गरी यस क्याम्पसको लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
२. खरिद गरिएको दरभाउ फारमको महलहरू स्पष्ट रूपमा भरी सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १६ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता भएको सोहि दिनको २ बजे खोलिने छ ।
३. सिलबन्दी दरभाउ फारमसाथ आ.ब. २०७६/०७७ को कर चुक्ता भ्याट दर्ता, फर्म, फर्म दर्ता, प्रमाण पत्रको प्रतिलिपी र जमानत वापतको रकम यस क्याम्पसको नामामा रास्ट्रिय बाणिज्य बैक धुलिखेल शाखामा रहेको खाता नं. १०४०१००००१९४५००१ खातामा जम्मा गरेको सक्कल बैक भौचर वा यस क्याम्पसको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको (सिलबन्दी दरभाउ बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकको विडवण्ड संलग्न गर्नु पर्नेछ ।
४. प्राप्त दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाउ उपर कुनै कारवाही गरिने छैन ।
५. अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछन ।
६. दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस क्याम्पसको लेखा शाखामा कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

कोटेसन नं.	विवरण	आवश्यक संख्या	बैंक जमानत
धुलिखेल /SQ ०१/२०७७/०७८	बिधुतिय हाजिर मेसिन, सि.सि.क्यामरा, डेक्सटप कम्पुटर सेट, प्रोजेक्टर, प्रिन्टर, फोतोकोपी मेसिन सप्लाई र जडान	आबस्यक्तानुसार	३५,०००/-

क्याम्पस प्रमुख, ९८४१४६२१२३,
धुलिखेल नगरपालिका, वडा न.७ , काभ्रेपलान्चोक